
समुहका व्यक्तिलाई खाद्यबस्तुको उत्पादन गर्न/बढाउन सहयोग गरि स्थानीय स्तरमा पाइने खाद्यान्नमा पोषक तत्व उपलब्धता बारे जानकारी गराई  ती खाद्यबस्तु उपभोग गर्न जनचेतना अभिवृद्धि तालिम संचालन गर्न सकिन्छ।

- सर्वेक्षण गरिएका पाँच वर्ष मुनिका बच्चा भएको घरमा  गाईगोरु **अधिकाश ५० प्रतिशत** ले  पालेका छन् । कुखुरा, परेवा र हाँस पाल्ने संख्या यस वडामा  भेटिएन । पोषणका हिसाबले कुखुरा, परेवा र हाँस पालनमा पनि जोड  दिन सकिन्छ । पशुजन्य खाद्यबस्तुको पहुच,उत्पादन र उपभोगमा वृद्धि गर्न र सोका लागि कृषक तथा उधमीहरुको क्षमता बिकाश गर्न पहल गर्न सकिन्छ ।

  यस वडामा बिगत १२ महिनाको अवधिमा मुख्य आम्दानीको स्रोत के/के हुन् भनेर ५ बर्ष मुनिका बच्चा भएको घरपरिवारमा सर्वेक्षण गर्दा  सबैभन्दा अधिक बैदेशिक रोजगार ५०% प्रतिशत , कृषि/ पशुपालन 0 प्रतिशत, ज्याला मजदुरी  ५०% प्रतिशत र व्यापार,व्यसाय/स्वरोजगार न्युन मात्र ९ प्रतिशत रहेको छ। कृषि क्षेत्रलाई कम महत्व दिइनु, युवाहरु बसाईसराई र रोजगारको लागि शहर पस्ने र बिदेसिने परिपाटी बढ्नु साथै कृषि क्षेत्रमा कम बजेटको बिनियोजन हुनाले ५ बर्ष मुनिका बालबालिका, महिला तथा किशोरीहरुका घरपरिवार केन्द्रित कृषि बिकाशका कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।




- सर्वेक्षण गरिएका पाँच वर्ष मुनिका बच्चा भएको घरमा  कृषि मा आबद्ध हुनेको सख्या बढी देखिएता पनि  यस वडामा ३ महिना पनि आफ्नै उब्जनीले खान नपुग्ने देखिएको छ |  यी नतिजाहरूले हामीलाई पाँच वर्षभन्दा कम उमेरका बच्चाहरू र प्रजनन उमेर समूहका महिलाहरू भएको परिवारमा खाद्य असुरक्षाको सीमा देखाउँछ। यसर्थ उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकीकृत कृषि प्रणालीको (Integrated Farming) बिकाशका साथै बाली चक्र/ बाली प्रणालीमा सुधार गरि उपयुक्त भण्डार र सो पछिका क्रियाकलाप हरुलाई व्यवास्थित गर्न पहल गर्न सकिन्छ ।

| **आफ्नै उब्जनीले ३ महिना भन्दा कम  खान नपुग्ने घरधुरीको प्रतिशत** | |
|---|---|
| अन्नबाली | ४७.२२% |
| दाल | ४४.४४% |
| तरकारी | ५०% |

